# स्थानीय तहको आर्थिक ऐन

## सिद्धलेक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०७५

**प्रस्तावनाः** सिद्धलेक गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८२ को उपधारा (२) बमोजिम सिद्धलेक गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण 1 गतेदेखि सिद्धलेक गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ

४. **घर जग्गा रजिस्ट्रेशन शुल्कः** गाउँपालिका क्षेत्रभित्र नेपाल सरकारले अधिकार दिए बमोजिम घर जग्गा रजिस्ट्रेशन शुल्क लगाइने र असूल उपर गरिनेछ ।

५. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (३) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

६. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

११. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१५. पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१६.** वातावरण शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र नियमानुसार वातावरण शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१७.** (१) **दहत्तर बहत्तर शुल्कः–** आर्थिक वर्ष २०७५/०७६ मा ढुङ्गा गिट्टी वालुवा दहत्तर बहत्तको संकलनमा अनुसुची १४ वमोजिम शुल्क लगाईने र असुल उपर गरिने छ ।

(२) उपदफा १ बमोजिम संकलित रकम तोकिए बमोजिम वाडफाँड गरिने छ ।

१८. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१९. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

# अनुसुचि १

**(ऐनको दफा २ संग सम्वन्धित)**

१. सम्पती कर र घर जग्गा कर स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५५ को उपदफा १ वमोजिम आ.व ०७५/०७६ को श्रावण १ गते वाट प्रभावकारि रुपमा कार्यान्वयन गर्ने । सम्पति करको मुल्यांकन आधार र दररेट निम्नानुसार छ ।

**मुल्यंङ्कन आधारहरु**

क. जग्गा तर्फः-

गाउँ सभा वाट स्वीकृत यस सिद्बलेक गाउँपालिका क्षेत्रमा निर्धारण गरेको न्युनत्तम दररेटलाई न्यूनत्तम दररेट कायम गरी जग्गाको मुल्यांकन गरिनेछ । सो भन्दा माथी दररेट राखी स्वघोषणा गर्ने करदाताको सोही घोषित दररेटमा मुल्यांकन गरिने छ ।

ख. घर तथा भौतिक संरचना तर्फः-

सम्पतिकर निर्धारण प्रयोजनका लागी घर तथा भौतिक संरचनाहरुको मुल्याङ्कन दररेट देहाय बमोजिम वा स्वघोषणा अनुसार देहायको दररेटमा कम नहुने गरी मुल्यांकन गरिने छ ।

| प्रकार | दररेट (प्रतिवर्ग फिट | ह्यसकट्टी दर प्रतिशत |
|---|---|---|
| आर सि.सि फ्रेम स्टक्चर | १००० | १ |
| सिमेन्ट जोडाई इट्टा वा ढुंगाको गारो र आर सि.सि छाना भएका घरहरु | ४०० | २ |
| माटोको जोडाई इटा ढुङ्गाको गारो आर.सि सि छाना भएका | ३०० | ३ |
| सिमेन्ट जोडाइ इट्टा वा ढुङ्गा वा ब्लकको गारो जस्ता छाना भएका घरहरु | ३०० | २ |
| माटोको जोडाइ इट्टा र ढुङ्गा वा ब्लकको गारो जस्ता छाना | २०० | ३ |

| | | |
|---|---|---|
| भएका घर | | |
| सिमेन्ट जोडाइमा इट्टा र ढुङ्गाको गारो भई टायलको छाना भएका घरहरु | २०० | ३ |
| माटो ढुङ्गा इट्टाको जोडाइ जस्ताको छाना भएको घरहरु | १०० | ३ |

**सम्पति करको दर**

| | मुल्याङ्कन रकम (रु मा) | एकिकृत स.कर.(रु मा) वार्षिक |
|---|---|---|
| | रु १ देखी ५ लाख सम्म ५० | |
| | रु ५ लाख १ देखि माथी ३० लाख सम्म प्रतिलाख १० रुपयाका दरले जोड्ने ३० लाख १ देखि १ करोड सम्म प्रतिलाख १५ रुपयाका दरले जोड्ने १ करोड १ देखि ३ करोड सम्म प्रतिलाख २० रुपयाका दरले जोड्ने र ३करीड १ देखि मथी प्रतिलाख २५ रुपयाका दरले जोडी कर लिईने छ। | |
| | पुर्ण अपाङ्गको नाउमा अचल सम्पती भएमा | निशुल्क |

| **१. कालुपाण्डे राजमार्गले छोएको ५० मि भित्रको जग्गा** | | |
|---|---|---|
| घडेरी प्रयोजन प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | २५ लाख | ५० लाख |
| **२. कालुपाण्डे राजमार्गले छोएको ५० मि बाहिरको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | १० लाख | २० लाख |
| **३. परेवाटार माझीटार आदमटार सडकले छोएको ५० मि भित्रको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | १० लाख | २० लाख |
| **४. परेवाटार माझीटार आदमटार सडक भन्दा ५० मि बाहिरको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | ५ लाख | १५ लाख |
| **५. वैरेनी पिपल नलाङ ठाटी पात्ले सडकले छोएको ५० मि भित्रको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | १० लाख | २० लाख |

| | | |
|---|---|---|
| **६. वैरेनी पिपल नलाङ ठाटी पात्ले सडक भन्दा ५० मि बाहिरको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | २ लाख | ५ लाख |
| **७. पात्ले कमलाबारी मैदान सडक ५० मि भित्रको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | ७ लाख | १० लाख |
| **८. पात्ले कमलाबारी मैदान सडक भन्दा ५० मिबाहिरको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | ३ लाख | ५ लाख |
| **९.आदमटार मूल बाटो सडक ५० मि भित्रको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | १५ लाख | ३० लाख |
| **१०. आदमटार कूल बाटो सडक ५० मिबाहिरको जग्गा .** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | १० लाख | १५ लाख |
| **११.वुङचुङ फारफुक वुङचुङ एरिया सडकले छोएको ५० मिभित्रको जग्गा .** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | १० लाख | २५ लाख |
| **१२. वुङचुङ फारफुक वुङचुङसडक एरिया ५० मि बाहिरको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | ५ लाख | १५ लाख |
| **१३. फाकफुक आरुवास मैदान सडक ५० मि भित्रको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | ५ लाख | १० लाख |
| **१४फाक .फुक आरुवास मैदान सडक ५० मि बाहिरको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | २ लाख | ५ लाख |
| **१५परेवाटार इर्ज कुम्पर सुकौ .रा खोला सडक ५० मिभित्र .को जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | १० लाख | २० लाख |
| **१५परेवाटार इर्ज कुम्पर सुकौ .रा खोला सडक ५० मि. बाहिरको जग्गा** | | |

| प्रति रोपनी | न्यूनतम | अधिकतम |
|---|---|---|
| | ३ लाख | ५ लाख |
| **१७ अर्चले ठाटी सडक .५० मि बाहिरको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | ३ लाख | ५ लाख |
| **१८आरुवासटार . मैदान सडक ५० मि भित्रको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | १० लाख | २० लाख |
| **१९आरुवासटार . सडक ५० मि बाहिरको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | ३ लाख | ५ लाख |
| **२० अन्य सवै ग्रामिण सडकले छोएको.५० मि भित्रको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | ५ लाख | १० लाख |
| **२१ .अन्य सबै ग्रामिण सडक भन्दा ५० मि बाहिरको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | १ लाख | ३ लाख |

| **२२ .रामटार सलाङघाट बेनीदोभान सडकले छोएको ५० मि भित्रको जग्गा** | | |
|---|---|---|
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | १० लाख | २० लाख |
| **२३.रामटार सलाङघाट बेनीदोभानसडक ५० मि बाहिरको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | ३ लाख | ५ लाख |
| **२४.आदमटार भालडाडा भैसे सडकले छोएको ५० मि भित्रको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | १ लाख | ३ लाख |
| **२५.आदमटार भालडाडा भैसे सडक ५० मि बाहिरको जग्गा** | | |
| प्रति रोपनी | न्यूनतम | अधिकतम |
| | ५० हजार | १ लाख |
| **बुढीगण्डकी परियोजनाको प्रभावित क्षेत्रको सवै जग्गाको मुल्यांकन नेपाल सरकारले तोके बमोजिम हुने छ ।** | | |

| **२६घर .** | न्यूनतम | अधिकतम |
|---|---|---|
| **एक तले पक्की घर** | १२ लाख | २० लाख |
| **दुई तले पक्की घर** | १८ लाख | ३० लाख |

| | | |
|---|---|---|
| **तीन तले पक्की घर** | २५ लाख | ४० लाख |
| **कच्ची घर** | ३ लाख | १० लाख |
| **गोठ** | २५ हजार | २ लाख |

सम्पति कर निर्धारणका लागी कर दाताले तोकिएको ढाचामा आफ्नो सवै सम्पतिको विवरण खुलाउनु पर्नेछ। करदाताले विवरण पेश गर्दा आफ्नो सवै सम्पतिको विवरण नखुलाई पेश गरि कर तिर्न आएको पाईएमा त्यस्ता सम्पतिलाई पुरानो विवरणमा नै समावेश गरि सम्पति मूल्याङ्कन गरि कर निर्धारण गरिने छ।

**अनुसुचि २**

**(ऐनको दफ ३ सँग सम्बन्धित)**

बहाल कर :

(क) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरीकारखाना, आदि बहालमा दिएकोमा सम्बन्धीत धनित्राट १० प्रतिशत महिना बहालकर लिने। साथै सार्वजनिक जग्गामा निर्माण हुने घर टहरा पसल उद्योग वाट वाहल कर वापत प्रति वर्गफिट रु १ रुपैया प्रति महिना वहाल कर असुर उपर गरिने छ। साथै व्यवसाय गरी वसोवास गरेका व्यक्ती वा फर्मलाई प्रर्ति वर्ग फिट ०.२५ वाहल विटैरी कर लगाईने।

**अनुसुचि ३**

**(ऐनको दफा ५ संग सम्वन्ध छ अनुसार)**

मालपोत असुलि सम्वन्धमा ।

आ.व ०७४/०७५ सम्मको तपशिलका दररेट कायम गरिएको छ ।

तपशिल

२० रोपनी भन्दा कम

| खेत तर्फ प्रति रोपनी | | | |
|---|---|---|---|
| अब्वल | दोयम | सिम | चार |
| १० | ९ | ८ | ७ |

२० रोपनी भन्दा माथी खेत ४० सम्म

| अब्वल | दोयम | सिम | चार |
|---|---|---|---|
| १२ | ११ | १० | ९ |

४० रोपनी भन्दा माथी खेत

| अब्वल | दोयम | सिम | चार |
|---|---|---|---|
| १५ | १४ | १३ | १२ |

२० रोपनी भन्दा कम

| पाखो तर्फ प्रति रोपनी | | | |
|---|---|---|---|
| अब्वल | दोयम | सम | चार |
| ८ | ७ | ६ | ५ |

२० रोपनी भन्दा वढी ४० रोपनी भन्दा कम

| अब्वल | दोयम | सिम | चार |
|---|---|---|---|
| १० | ९ | ८ | ७ |

४० रोपनी भन्दा वढी

| अब्वल | दोयम | सिम | चार |
|---|---|---|---|
| १२ | ११ | १० | ९ |

माथी उल्लेखित दर रेटमा जरिवाना वापत थप

राजस्व तर्फ

| वर्ष | प्रतिशत |
|---|---|

| | |
|---|---|
| १ वर्ष | २०% |
| २ वर्ष | २५% |
| ३वर्ष | ३०% |
| ४ वर्ष | ३५% |
| ५ वर्ष | ४५% |
| ६ वर्ष | ५०% |
| ७ वर्ष | ५५% |
| ८ वर्ष | ६५% |
| ९ वर्ष | ८०% |
| १० वर्ष भन्दा माथी जतिसुकै भएमा १०० प्रतिशत जरिवाना लाग्ने छ। | १००% |

**अनुसुचि ४**

**(ऐनको दफ ६ सँग सम्बन्धित)**

११. व्यवसाय कर : (वार्षिक)

| | शिर्षक | शहरी क्षेत्र | ग्रामिण नगर क्षेत्र |
|---|---|---|---|
| | होटल, लज, रेष्टरेन्ट वार, क्याफे, भोजंनालय, मिष्ठान भण्डार | | |
| | (क) खाना नास्ता | ५०० | |
| | (ख) खाना नास्ता मदिरा समेत | १००० | |
| | खाना नास्ता लज मदिरा समेत | | |
| | (क) ५ कोठा सम्म लज | १००० | |
| | (ख) १० कोठा सम्म लज | २००० | |
| | (ग) सो भन्दा माथि | ३००० | |
| | टेन्स हाउस र क्याटरिङ | १००० | |

| | | | |
|---|---|---|---|
| | | | |
| | सुनचादिं पसल | १५०० | |
| | टेलरिङ व्यवसाय | | |
| | क) सटिङ सुटिङ लेडिज जेन्स (कपडा सहित) | १००० | |
| | ख) टेलरिङ | ३०० | |
| | सैलुन | ५०० | |
| | व्युटि पार्लर (तालिम समेतत दिने) | १००० | |
| | कम्प्युटर विक्रि | १५०० | |
| | कम्प्युटर मर्मत | ५०० | |
| | टि.भि.फ्रिज, बिक्रि | १५०० | |
| | टि.भि.फ्रिज, मर्मत | ५०० | |
| | रेडीयो, मोवाईल, टेलिफोन क्यालकुलेटर, घडी, क्यासेट अडिया भिडियो बिक्रि | ५०० | |
| | रेडीयो, मोवाईल, टेलिफोन क्यालकुलेटर, घडी, क्यासेट अडियो भिडियो मर्मत | ३०० | |
| | जुत्ता पसल (स्थानिय उत्पादन) | ३०० | |
| | जुत्ता पसल (थोक बिक्रेता) | १५०० | |

| | | | |
|---|---|---|---|
| | | | |
| | जुत्ता पसल (खुद्रा बिक्रेता) | ५०० | |
| | थोक विक्रेता (किनारा पसल) | १००० | |
| | डिलर सिप (किराना पसल) | २००० | |
| | खुद्रा विक्रेता (किराना  पसल) | ५०० | |
| | औषधि पसल (एलोपेथिक, होमोपेथिक, आयुर्वेदिक) | १००० | |
| | थोक विक्रेता | १००० | |
| | खुद्रा बिक्रेता | ५०० | |
| | साना खुद्रा विक्रेता | ५०० | |
| | चस्मा पसल | ५०० | |
| | नीजि अस्पताल तथा नसिङ होम | ३००० | |
| | किल्नीक तथा ल्याव | १००० | |
| | डेन्टल क्लिनिक | ५०० | |
| | पान पसाल | २०० | |
| | ड्राई क्लीनर्स | ३०० | |
| | सिनेमा हल | ५००० | |
| | आर्ट व्यवसाय | ५०० | |

| | | | |
|---|---|---|---|
| | विजुली पसल थोक विक्रेता | १००० | |
| | विजुली पसल खुद्रा बिक्रेता | ५०० | |
| | फोटो स्टुडीयो (कलर ल्याब) | १००० | |
| | फोटो स्टुडियो | ५०० | |
| | भाडा पसल | ५०० | |
| | गिफट तथा कस्मेटीक पसल | ५०० | |
| | प्लाई, सिसा | ५०० | |
| | फर्निचर फनिसिङ | १००० | |
| | पेट्रोल पम्प | ५०००<br>० | |
| | ग्यास थोक विक्रेता | १००० | |
| | साईकल, रिक्सामर्मत | ३०० | |
| | मोटर साईकल बिक्रि तथा मर्मत | २००० | |
| | मोटर साईकल मर्मत | १००० | |

| | | | |
|---|---|---|---|
| | | | |
| | अटोमेकानिकल, (बस, जिप, टेक्टर, पार्टस विक्रि मर्मत) | २००० | |
| | अटोमेकानिकल, (बस, जिप, टेक्टर, पार्टस मर्मत) | १००० | |
| | लेथ सेक्सन तर्फ | १००० | |
| | मोटर वडी विल्डर्स | २००० | |
| | पशुपंक्षी आहार उद्योग | १००० | |
| | मोटर साईकल बिक्रि | २००० | |
| | लेखा परीक्षक | | |
| | क) श्रेणीलाई | ३००० | |
| | ख) श्रेणी | २००० | |
| | ग) श्रेणी | १५०० | |
| | घ) श्रेणी | १००० | |
| | बैंक, फाईनान्स, वित्तिय सस्थाहरु तथा सहकारी बैंक नाफामुलक) | | |
| | क वर्गको बैंक बा वित्तिय संस्था | १०००<br>० | |
| | ख वर्गको बैंक बा वित्तिय संस्था | ८००० | |
| | ग वर्गको बैंक बा वित्तिय संस्था | ५००० | |
| | घ वर्गको बैंक बा वित्तिय संस्था | ५००० | |
| | बचत तथा ऋण सहकारी संस्थाको प्राप्त रिपोर्ट अनुसार प्रति एक देखि १ लाख  नाफामा न्युनतम | ५०० | |

| | | | |
|---|---|---|---|
| | बचत तथा ऋण सहकारी संस्थाको प्राप्त रिपोर्ट अनुसार प्रति एक देखि २ लाख सम्मको नाफामा | १००० | सो भन्दा बढी प्रति लाखको नाफामा ५०० को दरले थप कर लाग्न |
| | पाउरोटी, बरफ, बिस्कुट तथा दालमोठ उद्योग | ५०० | |
| | निजि शिक्षालय संचालन तर्फ | | |
| | क्याम्पस, उच्च मा.वि. | ५००० | |
| | मा.वि. (सिफारिस गाउँपालिका अनुमती) | ३००० | |
| | नि.मा.वि.(सिफारिस गाउँपालिका अनुमती) | २५०० | |
| | प्रा.वि.(सिफारिस गाउँपालिका अनुमती) | २००० | |
| | ब्लक, रिङ, टायल र तारबार पोल उद्योग | १००० | |
| | पोलिथिन पाईप तथा अन्य प्लाष्टिकका सामानहरुको उद्योग | १५०० | |
| | मैनवत्ति तथा अगर बत्ति उद्योग | २०० | |
| | मसला उद्योग | ५०० | |
| | परामर्श सेवा | | |
| | शैक्षिक | ३००० | |

| | | | |
|---|---|---|---|
| | इन्जीनियरिङ | ५००० | |
| | मदिरा थोक बिक्रिता | ५००० | |
| | मादल मर्मत तथा बिक्रि | २०० | |
| | सिरक डसना बिक्रि | १००० | |
| | हयुक पाईप, विद्युत पोल उद्योग | ५००० | |
| | झोली तयारी गर्ने उद्योग | १००० | |
| | डेरी उद्योग (दुध तथा दुध सम्बन्धि अन्य व्यवसाय) | १००० | |
| | फर्निचर उद्योग, फर्निचर सोरुप, समिल | २००० | |
| | फर्निचर उद्योग | १५०० | |
| | ग्रील सटर उद्योग | १००० | |
| | मिल (कुटानि, पिसान) | ५०० | |
| | चिउरा, भुजा, चामल उद्योग | १००० | |
| | पोल्ट्री फर्म | १००० | |
| | माछा, मासु पसल | ५०० | |

| | | | |
|---|---|---|---|
| | | | |
| | बधसाला | ३००० | |
| | तरकारी, फलफुल तथा साग सब्जी थोक पसल | १००० | |
| | तरकारी, फलफुल तथा साग सब्जी विक्रिता पसल | ३०० | |
| | अण्डा पसल | २०० | |
| | इट्टा उद्योग | ५००० | |
| | छाला संकलन तथा बिक्रि | २००० | |
| | इट्टा, ढुङगा, बालुवा संकलन (डिपो) | २००० | |
| | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबासका सामानहरु | ५०० | |
| | इन्टरने सेवा पदायक संस्था | २००० | |
| | हार्डवयर पसल (इटा रोडा सहित अन्य) | २००० | |
| | हार्डवयर पसल | १००० | |
| | मेटलको भाडा बनाउने व्यवसाय | ३०० | |
| | स्टेशनरी पसल थोक विक्रेता | १००० | |
| | स्टेशनरी पसल खुद्रा विक्रेता | ५०० | |

| | | | |
|---|---|---|---|
| | | | |
| | केवुल पसल | ५००० | |
| | फोटोकपी फ्याक्स, लेमिनेशन, व्यान्डीड, कुरीयर | ५०० | |
| | कम्प्युटर तथा अन्य ईन्ष्टीचयुट | ५०० | |
| | कपडा तथ फेन्सी पसल | १००० | |
| | डिजिटर छापाखाना (अपसेट प्रेस) | १००० | |
| | साईबर, गेम सेन्टर फोन सेवा (कम्युनिकेसन सेवा) | ५०० | |
| | निर्माण व्यवसाय | | |
| | क श्रेणी | ५००० | |
| | ख श्रेणी | ४००० | |
| | ग श्रेणी | ३००० | |
| | घ श्रेणी | २००० | |
| | रासायनीक मल, बिउ, विजन, किटनाशक औषधि, दाना, चल्ला, बिक्रि भेटेनरी समेत | २००० | |
| | कृषि सामाग्री बिक्रि केन्द्र | १००० | |
| | एग्रोभेट | १००० | |
| | भिडियो | ८०० | |

| | | | |
|---|---|---|---|
| | ट्युसन सेन्टर | ५०० | |
| | मेशिनरी सामाक्त बेरिङ रिपेरिङ तथा विक्रि (मोटर, जेनेटर आदि) | १००० | |
| | कृषि उपकरण मर्मत तथा बिक्रि | ३०० | |
| | रेमिटेन्स सेवा क श्रेणी | २००० | |
| | कवाडी व्यवसाय | २००० | |
| | टुर्स एण्ड टाभल | १००० | |
| | कुरीयर, कार्गो सेबा | ५०० | |
| | ट्रान्सपोटर सेवा | १००० | |
| | संयुक्त कार्यालय हल भाडा | ३०० | प्रतिदिन |
| | जडिबुटी उद्योग (खोटो लगायत) | १००० | |

| | | | |
|---|---|---|---|
| | | | |
| | बैकल्पीक ऊर्जा (गोबर ग्यास सोलार) | १००० | |
| | बिमा कम्पनी | ३००० | |
| | रङ रोगङ पसल | १५०० | |
| | प्रचलित कानुन बमोजिम दर्ता भई गाउँपालिकामा अटो रिक्सा संचालन गर्ने व्यवसाय कर) | १००० | |
| | पोल्टी (दाना, चल्ला बिक्रेता) | १००० | |
| | व्यवसायिक प्रकृतिका जडान भएका टावरको वार्षिक एक मुस्ट | ५०००० | |
| | स्थानिय निर्माण व्यवसायि दर्ता दस्तुर | १०००० | |
| | स्थानिय निर्माण व्यवसायि नविकरण दस्तुर | ९००० | |
| | पुराना कपडा पेल्ने उद्योग दर्ता नविकरण | ५००० | |

नोट : माथि उल्लेखित बाहेक छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृती हेरी उल्लेखित विषयसँग मेल खाने किसिमका दरमा रु. १००/ देखि रु. ५०००/ सम्म लिने ।

सम्पूर्ण सिफारिसहरुमा नियम अनुसार सरकारी हुलाक टिकट टासी सिफारिस गर्दा हुलाक टिकट वापत रु २० थपि हुलाक टिकट उपलब्ध गराउनु पर्नेछ ।

## ऐनको दफा ४ अनुसार

**व्यवसाय कर**

| | माल वस्तुको नाम | इकाई | करको दर | कैफियत |
|---|---|---|---|---|
| | मल्टीमिडिया | १ | १०००।०० | |
| | हल भाडा | १ | १०००।०० | |
| | संघ संस्था दर्ता दस्तुर | १ | १०००।०० | |
| | संघ संस्था सिफारिस दस्तूर | १ | १०००।०० | |
| | संघ संस्था नविकरण दुस्तूर | | | |
| | श्रवण देखी असोज सम्म | | ५००।० | |
| | कार्तिक देखी पूस सम्म | | १०००।० | |
| | पूष देखी असार सम्म | | १५००।० | |
| | एक आ.व. पीछ्र प्रेत्यक आ.व.को | | १५००।० | |
| | कागजात प्रमाणित दस्तुर | | ३००।० | |
| | अन्य सिफारिस दस्तुर | | ३००।० | |
| | घ वर्गको इजाजत पत्र | | | |
| | इजाजत पत्र दर्ता दस्तुर | | २०००।० | |
| | नामसारी | | १५००।० | |
| | नविकरण दसतुर | | | |
| | श्रवण देखी असोज सम्म | | १५००।० | |
| | कार्तिक देखी पूस सम्म | | २०००।० | |
| | पूष देखी चैत्र सम्म | | ३०००।० | |
| | प्रतिलिपि | | १०००।० | |
| | सार्वजनिक परिक्षण फारम | | ५०।० | |
| | गाउपालिकाको नक्शा | | १००।० | |

| | | | | |
|---|---|---|---|---|
| | वडाको नक्शा | | ५०।० | |
| | गाउपालिकाको प्रोफाइल(व्याक्ती) | | ५००।० | |
| | गाउपालिकाको प्रोफाइल(संस्था गत) | | १०००।० | |
| | गाउपालिका विकासयोजना पुस्तिका | | २००।० | |
| | सिद्धलेक कानून संगालो | | १०००।० | |
| | **जलस्रोत** | | | |
| | मूहान दर्ता | | १०००।० | |
| | नविकरण दस्तुर जलस्रोत नियमावली मा व्यवस्था भए अनूसार | | | |
| | प्रमाण पत्र प्रतिलिपि | | १०००।० | |
| | बलूवा खानी ढुङगाखानी अनूमति दर्ता | | १००००००।० | |
| | बलूवा खानी ढुङगाखानी नविकरण दस्तुर | | ५०००००।० | |
| | बलूवा खानी ढुङगाखानी नामसारी दस्तुर | | ९०००००।० | |
| | माछा मार्ने अनूमति दर्ता | | १०००।० | |
| | माछा मार्ने अनूमति नविकरण | | ५००।० | |
| | **क्रसर उद्योग दर्ता** | | | |
| | साना | | १००००००।० | |
| | मझौला | | १५००००००।० | |
| | ठूला | | २००००००।० | |
| | बालूवा धूने उद्योग सानो | | ६०००००।० | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | बालूवा धूने उद्योग ठूला | | १००००००।० | |
| | उद्योग, बाणिज्य व्यवसाय दर्ता सम्बन्धी दस्तूर | | | |
| | कूल पुंजी रु. १,००,०००। | | १०००।० | |
| | कूल पुंजी रु. ३,००,०००। | | ३०००।० | |
| | कूल पुंजी रु. ५,००,०००। | | ६०००।० | |
| | कूल पुंजी रु. १०,००,०००। | | १००००।० | |
| | कूल पुंजी रु. २०,००,०००। | | १५०००।० | |
| | कूल पुंजी रु. ५०,००,०००। | | २००००।० | |
| | कूल पुंजी रु. १,००,००,०००। | | ३००००।० | |
| | कूल पुंजी रु. ५००,००,०००। | | ५००००।० | |
| | उद्योक, बाणिज्य व्यवसाय नविकरण सम्बन्धी दस्तूर | | | |
| | कूल पुंजी रु. १,००,०००। | | ५००।० | |
| | कूल पुंजी रु. ३,००,०००। | | १०००।० | |
| | कूल पुंजी रु. ५,००,०००। | | १५००।० | |
| | कूल पुंजी रु. १०,००,०००। | | ३०००।० | |
| | कूल पुंजी रु. २०,००,०००। | | ५०००।० | |
| | कूल पुंजी रु. ५०,००,०००। | | १००००।० | |
| | कूल पुंजी रु. १,००,००,०००। | | १५०००।० | |
| | कूल पुंजी रु. ५००,००,०००। | | २००००।० | |

कम्पनी रजिस्टार कार्यालयमा दर्ताभै आएका व्यवसायलाई पुजिको आधारमा १ करोड माथी सूचिकृत ताथा नविकरणमा प्रतिकरोड ५०००।-

## अनुसुचि ५

## ऐनको दफा ७ संग सम्वन्धित

प्रचलित कानुनले निषेध गरेका वाहेक मृतक पशुका हाड , सिङ, खुर, प्वाख र छाला आदिको

| | माल वस्तुको नाम | ईकाइ | करको दर |
|---|---|---|---|
| | हाड | प्रतिकेजी | १ |
| | सिंङ | प्रतिकेजी | २ |
| | खुर | प्रतिकेजी | २ |
| | छाला ठुलो | प्रति गोटा | २५ |
| | छाला सानो | प्रति गोटा | १५ |
| | हास कखुरा जस्ता पछीहरुको प्वाख | प्रतिकेजी | १।५० |
| | जगर उन प्राकृतिक र कृतिम | प्रतिकेजी | १।१० |

सिद्धलेकमा उत्पादन भै निकासी हुने जरिवुटी (प्रचलित नियमले तोके वमोजिम मात्रमा)

| क्र.स. | माल वस्तुको नाम | ईकाइ | करको दर |
|---|---|---|---|
| १ | वन नियमावलीमा तोकिएका जरिवुटी | प्रतिकेजी | ०।२५ |
| २ | लसुन अदुवा | प्रतिकेजी | ०।२५ |
| ३ | वनकस ,खर ,अम्लिसो कुचो वावियो ,मलहलनपत्ता, पटेर, छवाली, पराल, वकास, लोक्ता निगालो आदी | प्रति टिप | १००।०० |
| ४ | खोटो (लिसा) | प्रतिकेजी | ०।५० |
| ५ | सालको विया | प्रतिकेजी | ०।७५ |
| ६ | सल्लाको सिम्टा | प्रतिकेजी | ०।२५ |
| ७ | दाउरा | प्रति ट्रक | १०००० |
| ८ | दाउरा | मिनिट्रक र ट्र्याटर | ३००० |

| क्र.स. | माल वस्तुको नाम | ईकाइ | करको दर |
|---|---|---|---|
| १ | सिसौ साल (गोलिया चिरान) सामुदायिक वनवाट ढलेका सडेका | प्रति ट्रक | १५००० |

| | | | |
|---|---|---|---|
| | खयर सिसौ आदिको निकासी | | |
| २ | अन्य काठ निकासी दस्तुर | प्रति ट्रक | २०००० |
| ३ | वास | प्रति गोटा | ०।५० |
| ४ | सिसौ साल (गोलिया चिरान) निजि जग्गाको निकासी | प्रति ट्रक | १०००० |

अन्य ट्याक्टर आइचर गाडीको लोडको आधारमा ट्रकसंग तुलना गरि दामासाहीको आधारमा गणना गर्ने ।

## अनुसुचि ६

**(ऐनको दफ ८ सँग सम्बन्धित)**

यातायात व्यवस्था कार्यालयमा दर्ता भै यस गाउँपालिका दर्ता भई सञ्चालन हुने निम्नानुसारका सवारी साधन देहाय बमोजिम वार्षिक सवारी कर लगाईने छ ।

सवारी कर सवारी दर्ता तथा वार्षिक सवारी कर :

(क) बस, ट्रक, लहरी आदि हेवी सवारी वार्षिक रु. ५००

(ख) भाडामा कार, जिप, माइक्रो बस वार्षिक रु. २५०

(ग) भाडाको टेम्पोमा वार्षिक रु. २००

(घ) निजी का टेम्पो मिनिवस वार्षिक रु. २००

(ङ) भाडाको मिनीबस वार्िषिक रु. ३००

(च) पावरटेलर वार्षिक (पछाडी टेलर हालेको) रु. १००

(छ) ठेलागाडा, रिक्सा वार्षिक रु. २०

(ज) स्काईभेटर रु ३००००

(झ) जे.सि.वि रु १५०००

### ४.२.१ पटके सवारी कर

(क) बस, मालवाहक ट्रक, लहरी, ट्याक्टर लगायत ठुला सवारी सधान रु. १००

| | |
|---|---|
| (ख) माइक्रो/जीप (भाडाका) गाडी | रु. ५० |
| (ग) कार सानानिजी सवारी साधन | रु.२५ |
| (घ( मिनि वस | रु ७५ |

**४.२.२ रुट परमिट**

| | |
|---|---|
| (क) स्थानीय तहले खनेको सडकमा वस वार्षिक | रु २००० |
| (ख) स्थानीय तहले खनेको सडकमा ट्याक्टर वार्षिक | रु २००० |
| (ग) स्थानीय तहले खनेको सडकमा ट्रक वार्षिक | रु २००० |
| (घ) स्थानीय तहले खनेको सडकमा आईचर वार्षिक | रु १५०० |
| (ङ) अन्य भाडाका सवारी साधन वार्षिक | रु १००० |

## अनुसुचि ७

## (ऐनको दफ ९ सँग सम्बन्धित)

विज्ञापन करको दर वार्षिक :

| | |
|---|---|
| १. ग्लो साइनबोर्ड डिपिएस वोर्ड प्रति ब.फि. | रु. २००/- |
| २. वाल पेन्ट विज्ञापन प्रति ब.फि. | रु. १०/- |
| ३. व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | रु. २००/- |

४. आफ्नो व्यवसायको पहिचानको लागि व्यवसाय स्थलमा राखेको साइनबोर्डको कर नलाग्ने तर कुनै कम्पनी को परिचय दिने गरी राखेको भएमा प्रति वर्ग फिट १०० वार्षिक ।

## अनुसुचि ८

## (ऐनको दफ १० सँग सम्बन्धित)

**५. मनोरञ्जन कर**

(क) सिनेमाहलको प्रति टिकट रु १० साँस्कृतिक प्रदर्शनहल, भिडियो, थ्रिएटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्क मा रु. ५ का दरले मनोरञ्जन कर लगाउने ।

(ख) जादु, सरकश, चटक, आदिमा प्रतिदिन रु. ४००, मासिक १०,००० लगाउने र

(ग) कुनै पनि संघ संस्थाबाट आयोजना हुने महोत्सव प्रदर्शनको प्रवेश शुल्कमा टिकको ५% सो प्रदर्शन स्थलको भित्र रमाइलो मेला सरकश यूस्तै प्रकृतिका अन्य कार्यक्रमा टिकट मुल्यको

**अनुसुचि ९**

**(ऐनको दफ ११ सँग सम्बन्धित)**

(ख) गाउँपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा बा सार्वजनिक बाटोको छेउमा अस्थायील पसल थाप्न दिए बापत प्रति वर्गाफिट र १ देखि १० सम्म मासिक बहाल विटौरी लिने ।

**अनुसुचि १०**

**(ऐनको दफ १२ सँग सम्बन्धित)**

४.२.२ बसपार्कमा पार्किङ गरे वापत प्रतिलिपी शुल्क

| | |
|---|---|
| (क) बस,ट्रक लगायत ठुला सवारी साधन | रु. ५० |
| (ख) माइक्रो/कर/जीप | रु. २० |
| (घ) मोटरसाईकल | रु. १० |

**अनुसुचि ११**

**(ऐनको दफ १३ सँग सम्बन्धित)**

९. महत्व पूर्ण पर्यटकिय क्षेत्र प्रवेश गरेको (ट्रेकिङकोयोडिङ क्यानोइङ बन्जी जम्पिङ, जिपफ्लायर र यापटी) शुल्क) शुल्क

६. व्यवसायिक भिडियो कर :

क. गाउँपालिका संचालित व्यवसायीक केवुल व्यवसायमा वार्षिक रु. ३३०००/-

ख. इन्टरनेट सेवा प्रदायक संस्था रु. २००/-

## अनुसुचि १२

## (ऐनको दफ १४ सँग सम्बन्धित)

८. घर नक्सा पास दस्तुर

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | नक्सापास  निवेदन फारम दस्तुर | रु. ५०० |
| २. | पक्की घर र पर्खाल समेत प्रति बर्गफिट दस्तुर | रु. ३ |
| ३. | पक्की घरको लागि पर्खाल निर्माण प्रति बर्गफिट दस्तुर | रु. १ |
| ४. | कच्ची घरको प्रति वर्गफिट दस्तुर | रु. ०.५/- |
| ५. | गाउँपालिका हुनु भन्दा अगाडी निर्माण गरेको  नक्सापास गर्दा (मापदण्ड अनुरुप निर्माण भएको) प्रतिवर्ग फिट | रु. ३ |
| ६. | नक्सा नामसारी तथा नविकरण वापत | रु. ५०० |
| ७. | घरको छतमा वा दायाँबाँया साइटमा अगाडी प्रतिवर्ग फिट | रु. १ |
| ८ | घर निर्माण गर्दा घरको चारैतिर कम्पाउड गरेमा प्रति वर्ग फिट | रु ५० |
| ९ | नक्सा पास लागु  हुनु पुर्व निमार्ण गरेमा घरको नक्सा वनाइ नक्सा पास गर्नुपर्ने उक्त नक्सा पासमा ०७५/०७६ नक्सा पास गरेमा  लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिने घर | |
| १० | घर सम्पन्न प्रमाण पत्र | पक्कि १५०० कच्चि ५०० |

| | | |
|---|---|---|
| ११ | पुरानो घरको प्राविधिकवाट अवलोकन गर्दा लाग्ने रकममा सम्बन्धित घरधनीले व्यहोर्नु पर्ने । | |

सरकारी गैर सरकारी संस्थाले भवन निर्माण गर्दा अनिवार्य नक्सा पास गर्नुपर्नेछ ।

| क्र.स | सेवाका किसिम | साविकको दर | दर (रु) |
|---|---|---|---|
| १ | पक्का घरको सर्जमिन वापत | | १००० |
| २ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | | ५०० |
| ३ | अचल सम्पति मुल्यांकन | मुल्यंङ्कन अंकको | ०.०८ प्रतिशत |
| ४ | रकम कमल उठाई दिएवापत सयकडा | | ५ प्रतिशत |
| ५ | वडा वडा कार्यालयवाट रकम उठाउने सिफारिस | | ५०० |
| ६ | हरेक निवेदन दर्ता शूल्क प्रतिगोटा | | टिकट टाँस |
| ७ | मिलापत्र शुल्क (दुवै पक्षलाई आधा आधा) | | ५०० |
| ८ | घर नम्वरीङ्ग प्लेट प्रति गोटा | | ५० |
| ९ | टो.वि.स दर्ता शूल्क/नविकरण | | ५० |

२. विभिन्न प्रमाणित तथा सिफारीस दस्तुर

| | सेवाको किसिम | शहरी क्षेत्र | ग्रामीण नगर क्षेत्र |
|---|---|---|---|
| | घरबाटो साँध सिमाना प्रमाणित | ५०० | |
| | नागरीकता प्रमाणपत्रको सिफारीस (अनुसुची र फाराम सहित) | २०० | |
| | जग्गा नामसारी सिफारीस | ५०० | |
| | नाम, थर संशोधन सिफारीस | १०० | |
| | घर निर्माण सम्पन्न प्रमाणपत्र (पक्की) | १००० | |
| | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | ५०० | |
| | घर कायम (पक्की घर) | | |
| | १००० वर्ग फिट सम्म | ३०० | |
| | १००० देखि २००० वर्ग फिट सम्म | १००० | |

| | | | |
|---|---|---|---|
| | २००० देखि ३००० सम्म | २००० | |
| | ३००० देखि ४००० सम्म | ४००० | |
| | सो भन्दा माथि | ६००० | |
| | घर कायम (कच्ची घर) | १०० | |
| | घर नक्सा नामसारी पक्की (एकाघर) | २०० | |
| | घर नक्सा नामसारी पक्की (एकाघर नभएमा) | १५०० | |
| | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | १०० | |
| | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा | १०० | |
| | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर ( व्यवसायीक) | १००० | |
| | छुट जग्गा दर्ताको सिफारीस दस्तुर | १००० ( एक रोपनि भन्दा माथि प्र.रो.थप | ५०० |
| | विद्युत जडानको सिफारीस दस्तुर | १०० | |
| | निजीधारा वा टेलिफोन जडान सिफारीस दस्तुर | १०० | |
| | परिवार ल्याएको /लगेको सिफारीस | १००० | |
| | विवाह दर्ता सिफारीस (भारतियसँग) | २००० | |
| | विवाह दर्ता सिफारीस (विदेशिसँग) भारत वाहेकका मुलुक | ५००० | |
| | नाता प्रमाणीत दस्तुर | ३०० | |
| | बसोबास प्रमाणीत (बैदेशिक प्रयोजक) | ५०० | |
| | बसोबास प्रमाणित (स्वदेशी प्रयोजना) | २०० | |
| | चालु सम्पतिको मूल्याङ्कको आधारमा प्रतिलाख रु. २५० | २.५ | |

| | | | |
|---|---|---|---|
| | नाफा मुलक सस्था दर्ता/नविकरण सिफारीस | १०००० | |
| | सेवामुलक संस्था दर्ता /स्वदेशी प्रयोजन | १००० | |
| | निजी विद्यालय सञ्चालनको सिफारीस | २००० | |
| | निजी विद्यालय कक्षाथपको सिफारीस | ५००० | |
| | मोहि नामसारी सिफारीस | १०० | |
| | सम्बन्ध विच्छेदको सिफारीस दुवै पक्ष | ५००/५०० | |
| | ठुला उद्योग स्थापनाको सिफारीस वडामा १००० गाउंपालिकामा | १०००० | |
| | मझौला उद्योग स्थापनाको सिफारीस वडामा १००० गाउँपालिकामा | ७००० | |
| | साना तथा घरेलु उद्योगको सिफारीस तथा दर्ता | ५०० | |
| | रुख काट्ने सिफारीस प्रति गोटा (स्वीकृत आवश्यक पर्नेमा) कु काठ | २०० | |
| | नेपालि पेन्सनपट्टा सिफारीस | ५०० | |
| | भारतिय पेन्सनपट्टा सम्बन्धी सिफारीस | १००० | |
| | अन्य मुलुकको पेन्सनपट्टा सिफारीस | ५००० | |
| | अपुतली सिफारीस (नेपालको लागि) | १०००० | |
| | व्यक्तिगत घटनादर्ता, प्रमाणीत, सेवा शुल्क ३५ दिन पछि (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, अविवाहीत,बसाइसराइ) प्रमाणीत तथा सिफारीस ( ३५ कटेपछि) | ३५ दिन सम्म : निशुल्क<br>३६ दिन देखि ७० दिन सम्म : रु ५०<br>७१ दिन देखि : १०० | |
| | उल्लेखित बाहेका अन्य विविध प्रमाणित तथा सिफारीस | २०० | |

| | | | |
|---|---|---|---|
| | अंग्रेजीमा सिफारीस मात्र मुल्याङ्कन बाहेक | ५०० | |
| | चारकिल्ला प्रमाणीत सिफारीस | २०० | |
| | कन्सुलर प्रमाणीत | ३०० | |
| | मालपोत रसिद र घटना दर्ताको प्रतिलिपी (सबै किसिमको प्रतिलिपी) | १०० | |
| | सामाजिक संघ सस्था दर्ता, तथा नविकरण सिफारीस | १००० | |
| | आम्दानी प्रमाणित प्रति लाख | २५० | |
| | योजना माग औषधी उपचार छात्रवृती अपाङ्गता जस्ता सिफारीस | निशुल्क | |

**अनुसुचि १३**

**(ऐनको दफ १५ सँग सम्बन्धित)**

सिद्धलेक गाउँपालिकाको विभिन्न क्षेत्रमा उत्पादन हुने फोहोर मैला संकलन तथा व्यवस्थापन वापत आ.व. ०७४/०७५ देखि होटल व्यवसायीहरु सँग देहाय बमोजिमको फोहोर मैला संलकन तथा व्यवस्थापन शुल्क लिने निर्णय गरियो ।

१. सामान्य खाना तथा खाजा घर होटलको मासिक रु. २००/-

२. मझौला खालको होटल तथा लज समेतको मासिक रु ३००/-

३. ठुला हेटल रेष्टुडेन तथा लज समेतको मासिक रु ५००/-

४. सरकारी अस्पताल, निजी अस्पताल तथ मेडिकलबाट उत्पादन हुने फोहोर मैला व्यवस्थापन गर्न छुट्टै नीति बनाई कार्यन्वयन गराउने।

५. गाडी जान नसक्ने गल्ली साना गल्लीहरुमा भएको घरको मासिक रु ५०/-

६. सरकारी कार्यालय तथा अन्य संस्था मासिक रु. १००/-

# अनुसुचि १४

## ऐनको दफा १७ संग सम्वन्धित

१ दहत्तर वहत्तर शुल्कः- आर्थिक वर्ष ०७५/०७६ मा ढुङ्गा गिट्टी वालवा दहत्तरको संकलनमा अनुसुची १४ बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

२ उपदफा १ वमोजिम संकलित रकम तोकिए वमोजिम वाडफाड गरिने छ । संकलन तथा निकासी शुल्क-

| क.स | विवरण | इकाई | विक्री कर | निकासी कर |
|---|---|---|---|---|
| १ | ढुङ्गा वालुवा गिट्टी स्लेट ग्रावेल र रोडा आन्तरिक विक्री एंव घाटगद्धि (स्वीकृत खानी क्षेत्र वाहेक | प्रति क्यू फिट | ६ | |
| २ | ढुङ्गा गिट्टी वालुवा स्लेट ग्राभेल रोडा गाउँपालिका वाहिर निकासी कर | प्रति क्यू फिट | ९ | |
| ३ | दर्ता भएका उद्योगवाट फुक्का माल ( कच्चा पदार्थ विक्रि | प्रति क्यू फिट | ४ | |
| ४ | दर्ता नभएको पुर्जा जग्गावाट निकासीको कच्चा पदार्थ विक्रि | प्रति क्यू फिट | ८ | |

माथी उल्लेखितको शिर्षक नपरेका शर्षकहरुमा अन्य नियम कानुन प्रादेशिक कानुनको आधारमा गरिने छ । साथै व्यवसायिक पसल उद्योगको दर्ता गर्दा लाग्ने दस्तुर साविकका सम्वन्धित कार्यलयहरुले लिने दस्तुर अनुसार गर्ने साथै निजि व्यक्ति को दर्ता वाला जग्गामा वालुवा गिट्टी को साविक खानी तथा भुर्गभ विभागका साथै जिल्ला विकास समितिले लिदै आएको  करका दर लागु गर्न साना वालुवा खानी ढङ्गा खानी दर्ता प्रकृया संघिय प्रादेशिक कानुनसंग नवाझिने गरि कानुन वनाई आफ्नो अधिकार भित्र सिमामा रही दर्ता प्रकृया अघि वढाइने छ दर्ता भएपछि आपसि समझदारीमा वाटो कर  तथा वातावरण शुल्क लगाई मर्मत संम्भार कोषमा रकम जम्मा गरिने छ । उक्त रकम मर्मत संम्भार गर्ने र

वातावरण शुल्कको रकम वातावरणमा हुने प्रदुषण न्यूनिकरण गर्ने र विपत व्यवस्थापनमा प्रयोग गरिने छ ।